# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सामाजिक विकास शाखा
(स्वास्थ्य ईकाइ)

थर्पू, पाँचथर
१ नं. प्रदेश, नेपाल

**विज्ञापन नं. :- ०१-२०७७/०७८/स्वास्थ्य**

**विषय :- सेवा करारमा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०७७/०५/२५**

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गत कोरोना भाईरस (COVID-19) संक्रमण भएका व्यक्तिहरुको लागि उपचार सेवा प्रदान गर्न अस्थायी कोभिड अस्पताल स्थापना गरी सञ्चालनका लागि स्वास्थ्य सेवाका देहायका पद/तह र संख्यामा प्राविधिक कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले ७ (सात) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम,दरखास्त दस्तुर,कार्य विवरण,पारिश्रमिक,सेवाशर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा कार्यालयको वेभसाईट www.yangwarakmunpanchthar.gov.np बाट उपलब्ध हुने छ।

| क्र.स | पद | श्रेणी/तह | सेवा | समूह | माग संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौ तह | स्वास्थ्य | ज.हे.स | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरह वा सो भन्दा माथि उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने छ।। | १०००।- |
| २ | स्टाफ नर्स/अ.न.मी | सहायक पाँचौ/चौथो तह | स्वास्थ्य | क.न | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट PCL in Nursing वा १८ महिनाको ANM कोर्ष उतीर्ण गरेको वा सो भन्दा माथि र नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने छ। | ५००।- |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | - | १ | एस.एल.सी वा सो भन्दा माथि उतीर्ण गरेको हुनु पर्ने छ । | ३००।- |

१. **शैक्षिक योग्यता,अनुभव र आवश्यक शर्तहरु :-**

(क). नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४५ वर्ष ।

(घ). नियमानुसार सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ ।

(ङ). अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

२.**दरखास्तमा संलग्न गर्नुपर्ने कागजात** :- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सामाजिक विकास शाखा
(स्वास्थ्य ईकाइ)

थर्पू, पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं.:- २०७६/०७७
च.नं. ३३१

मिति :- २०७७/०५/२५

**विषय :- सेवा/शर्त सम्बन्धमा**

उपरोक्त सम्बन्धमा विज्ञापन नं. ०१-२०७७/०७८/स्वास्थ्य र मिति २०७७/०५/२५ को निम्न सेवा शर्तहरु रहेको व्यहोरा अनुरोध छ ।

- दरखास्त दिने स्थान :- याङवरक गाउँ कार्यपालिकाको कार्यालय,थर्पु,पाँचथर
- परीक्षाको किसिम :- याङवरक गाउँपालिकाको "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५" वमोजिम हुनेछ ।
- दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने पहिलो दिन सम्म हुनेछ ।
- तलव-भत्ता :- सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बराबरको रकम मासिकरुपमा तलव स्वरुप भुक्तानी गरिने छ ।
- काम गर्नु पर्ने स्थान :- याङवरक गाउँपालिका अन्तर्गत स्थापित कोभिड-१९ अस्थायी अस्पतालमा ।
- काम गर्नु पर्ने अवधी :- यस सूचना वमोजिम नियुक्ति हुने कर्मचारीहरुको कार्य-अवधी ३ (तीन) महिनाको हुने र आवश्यक्ता अनुसार थप हुन सक्ने छ ।
- दरखास्त दस्तुर :- दरखास्त दस्तुर सूचनमा उल्लेख भए वमोजिम पछि फिर्ता नहुने गरी यस कार्यालयको सिभिल बैंक शाखा थर्पुमा रहेको खाता याङवरक ग २१-१-१ र नं. ६२१०१८४८९९०८२ मा जम्मा गरी वा कार्यालयमा नगदै बुझाउँनु पर्ने छ र दोब्बर दस्तुरको म्याद प्रावधान हुने छैन ।
- संलग्न गर्नु पर्ने कागजातहरु :- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,चारित्रिक प्रमाण पत्र,नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,कार्यानुभवको प्रमाणित प्रतिलिपि (सरकारी कार्यालय भए क्लियरेन्स सहित) तथा नेपाल कानुन वमोजिम विभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्ने छ ।पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेद्धार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्ने छ ।
- विदेशी बोर्ड बाट उतीर्ण भए समकक्षता निर्धारण गरेको हुनु पर्ने छ ।
- थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०२४४१००४८,रविन खत्री ९८०७०९०५८२ बाट बुझन सकिने छ ।
- उमेर :- दरखास्त दिने अन्तिम दिन १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा ४५ वर्ष ननाघेको हुनु पर्ने छ ।
- दरखास्त अवधी :- मिति २०७७/०५/२५ देखि २०७६/०५/३१ गते सम्म कार्यालय समय भित्र र थप म्याद हुने छैन ।
- अन्तर्वार्ताको मिति :- दरखास्तको म्याद समाप्त भए पछि कार्यालयले निर्धारण गरे वमोजिम हुने छ ।

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# याङवरक गाउँ कार्यपालिकको कार्यालय

# थर्पु, पाँचथर

# प्रदेश नं. १, नेपाल

## <u>करारको लागि दरखास्त फाराम</u>

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | | जन्म मिति : (वि.सं.मा) | (ईस्वि संवतमा) |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।